# नमोबुद्ध नगरपालिकाको

## आ.व. २०७६/०७७ को लागि तयार पारिएको

## आर्थिक ऐन–२०७६

नमोबुद्ध नगरपालिका

भकुण्डेबेंसी, काभ्रेपलाञ्चोक

३ नं. प्रदेश, नेपाल

नमोबुद्ध नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न वनेको ऐन

**प्रस्तावना : नमोबुद्ध** नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम नमोबुद्ध नगर सभाले यो बिधेयक बनाई लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"आर्थिक ऐन, २०७६"** रहेको छ ।

(२) यो ऐन २०७६ सालश्रावण १ गतेदेखि नमोबुद्ध नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति कर, भूमि कर (मालपोत)** : (१) नगरपालिका क्षेत्रभित्रको सम्पति कर नमोबुद्ध नगर पालिकाको सम्पति कर व्यवस्थापन कार्यविधि २०७६ बमोजिम कर लगाईने र असुल उपर गरिने छ ।

(२) भुमि कर (मालपोत) नगरपालिकाले तोके बमोजिम हुने छ तर दफा (२) बमोजिम सम्पत्ति कर लगाएको जग्गामा भूमीकर (मालपोत) लगाईने छैन ।

३. **घर जग्गा बहाल करः**(१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा बार्षिक बहाल रकममा बहाल कर लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लगाईने घरजग्गा वहाल करको दर अनुसूची (१) मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम लगाईने बहाल रकम निर्धारण गर्नको लागि नगरपालिकाले घरजग्गा रहेको स्थान तथा संरचनाको प्रकारको आधारमा न्यूनतम बहाल मूल्य तोकी सोही आधारमा बहाल रकम निर्धारण गरी कर लिन सक्नेछ ।

४. **व्यवसाय करः** (१)नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न चाहने व्यक्ति वा संस्थालाई व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्रदान गरिनेछ । इजाजत प्राप्त व्यवसायीहरुले वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी व्यवसाय नविकरण गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रदान गरिने व्यवसाय इजाजत र नविकरण दस्तुरको दर व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न लाग्ने लगानीको आधारमा अनुसूची (२) मा तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (२) बमोजिमको इजाजत विना नगरपालिका क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न पाईने छैन ।

(६) यस दफा बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

५. **जडिबुटी, कवाडी र जीवजन्तु कर:** (१)नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन,खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेबापत अनसूची (३) बमोजिम जडिबुटी, कवाडी तथा जीवजन्तुकर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमका वस्तुको व्यवसायिक कारोवार गर्ने ब्यक्ति वा संस्थालाई नगरपालिकाले व्यवसाय इजाजत दिँदा कर बुझाउने शर्त र विधि समेत तोकी इजाजत दिनेछ ।

६. **सवारी साधन कर:**(१) नगरपालिका क्षेत्रभित्रका सवारी साधनमा प्रदेशले सवारी साधन कर लगाउने र उठाउनेछ । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा तथा विद्युतीय स्कुटरमा नगरपालिकाले सवारी साधन करलगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले लगाउने भनी तोकिएका सवारी साधनहरुको दर्ता, नवीकरण र सवारी साधन करको दर अनुसूची (४) बमोजिम हुनेछ ।

(३) प्रदेशले लगाएको सवारी साधन कर रकमबाट नगरपालिकाले प्राप्त गर्ने हिस्सा प्रचलित संघीय र प्रदेश कानूनमा तोकिए बमोजिम हुनेछ ।

७. **विज्ञापन कर:**(१) नगरपालिका क्षेत्रभित्र हुने विज्ञापन,प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा अनुसूची (५) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम नगरपालिकाले उठाएको विज्ञापन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ ।

८. **मनोरञ्जन कर:**(१) नगरपालिका क्षेत्रभित्र संचालित सिनेमाहल,सांस्कृतिक प्रदर्शनहल, थियटर संगीत, मनोञ्जन प्रदर्शनस्थल,जादू, सर्कस, चटक, सिनेमा छायाँङ्कन जस्ता मनोरञ्जन व्यवसाय सेवामा प्रदेश कानूनले तोके बमोजिम मनोरञ्जन कर अनुसुची (६) बमोजिमक असलु उपर गरिनेछ ।

(२)उपदफा (१) बमोजिम नगरपालिकालेउठाएको मनोरञ्जन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ ।

९. **बहाल बिटौरी शुल्कः** (१) नगरपालिकाले आफुले निर्माण, रेखदेख वा संचालन गरेका देहाय बमोजिमका सम्पत्तिहरुमा अनुसूची (-७) बमोजिमको दरमा बहाल बिटौरी शुल्क लगाउन र उठाउन सक्नेछ :

(क) आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा वा अन्य सम्पत्ति,
(ख) आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका अस्थाई टहरा, छाप्रा वा पसल वा आवास,
(ग) नगरपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल,

(२) उपदफा (१)को खण्ड (क) र (ख) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि कार्यपालिकाले न्यूनतम दर निर्धारण गरी बोलपत्र वा दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट बहालमा दिन सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको सम्पत्तिमा बहाल विटौरी शुल्क उठाउनकालागि नगरपालिकाले त्यस्तो स्थानमा खरीद बिक्री हुने वस्तु तथा सेवा एवं कारोवारको आधारमा तोकेको न्यूनतम बहाल बिटौरी शुल्कको दरमा बोलपत्र वा दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट बहाल विटौरीमा दिन सकिनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम बहाल बिटौरीमा दिंदा शर्त सहित सम्झौता गरी दिनु पर्नेछ ।

१०. **पार्किङ्ग शुल्कः**(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्गस्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएबापत पार्किङ्ग गर्ने समयको आधारमा अनुसूची (८) मा उल्लेख भए बमोजिमको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिम तोकेको स्थान बाहेक अन्य स्थानमा सवारी पार्किङ्ग गर्न रोक लगाउन सक्नेछ । तर राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र यस दफा बमोजिम सवारी पार्किङ्ग गराइने र शुल्क लगाइने छैन ।

(३) नगरपालिकाले सवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालयसंगको समन्वयमा गर्नेछ ।

११. **सेवा शुल्क, दस्तुरः**(१)नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपप्लायर, ऱ्याफ्टिङ्ग, प्याराग्लाइडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाइने र असूल उपर गरिनेछ ।

तर सीमा नदी वा अर्को गाउँपालिका वा नगरपालिकाको क्षेत्रलाई समेटेर सञ्चालन हुने सेवा वा व्यबसायमा सेवा शुल्क लगाउँदा सम्बन्धित गाउँपालिका/नगरपालिकासँग समन्वय गरी लगाइनेछ ।

(२) नगरपालिकाले निर्माण वा संचालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ :

(क) खानेपानी, विजुली, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा,
(ख) फोहोरमैला व्यबस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,
(ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रावास, हाटबजार, पशु बधशाला, शबदाहगृह, धोवीघाट र त्यस्तै अन्य सुविधा,
(घ) सडक, बस पार्क, ढल, पुल जस्ता सेवा,
(ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,
(च) नगरपालिकाले प्रदान गर्ने सिफारिश सम्बन्धी कुनै सेवा,
(छ) ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क ।

तर ऐतिहासिक स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नमोबुद्ध नगरवासीहरुलाई यस प्रकरण बमोजिम शुल्क लिन पाइने छैन ।

(३) नगरपालिकाले सहकारी संस्था, एफ.एम. रेडियो, “घ” वर्गको निर्माण व्यबसायी इजाजत, विद्यालय स्थापना, ट्युसन तथा कोचिङ्ग सेन्टर, औषधी पसल,स्थानीय व्यापारिक फर्मको दर्ता, अनुमति, नविकरण तथा नियमन आदि सेवामा शुल्क दस्तुर तोकी लगाइने र उठाइनेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिम लगाइने सेवा शुल्क, दस्तुरको दर अनुसूची (९) मा उल्लेख भएबमोजिम हुनेछ ।

(५) संरचनाको मुल्याङ्कन  दर अनसुचि (१२) अनुसार लागु गरीनेछ ।

(६) संरचनाको ह्रास कट्टी दरअनसुचि (१३) अनुसार लागु गरीनेछ ।

**१२. विक्री तथा निकासी शुल्क** :(१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलबाट उत्पादन हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुहरुको बिक्री गर्न सक्नेछ ।

(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्रउत्पादन भै आफ्नो सिमाक्षेत्र भन्दा बाहिर निकासी हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बाह्य निकासीमा निकासी शुल्क लगाउन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम नगरपालिकाले गर्ने बिक्री तथा लगाउने निकासी शुल्कको दर अनुसूची (१०) मा तोकिए बमोजिम हुनेछ ।

(४) कार्यपालिकाले आफ्नो प्रयोगमा नआउने पुराना र काम नलाग्ने वस्तु, उपकरण तथा सामानहरु लिलाम विक्री गर्न सक्नेछ ।

(५) कार्यपालिकाले नागरिकको सुविधाकोलागि विभिन्न फाराम तथा पुस्तकहरु वा अन्य सेवा बिक्री गर्न सक्नेछ ।

(६) उपदफा (१) बमोजिमका वस्तुहरु बिक्री तथा उपदफा (२) बमोजिमको निकासी शुल्क असूलीका लागि बिक्री तथा निकासीको परिमाण तथा दर निर्धारण गरी बोलपत्र, दरभाउ पत्र वा डाँक बढाबढको माध्यमबाट गरिनेछ ।

(७) खानि तथा खनिज पदार्थको रोयल्टी अनुसुचि (११) अनुसार लागु गरीनेछ ।

**१३.घरजग्गा रजिष्ट्रेशन शुल्क** : (१)घर जग्गा रजिष्ट्रेशन शुल्क प्रदेश कानूनले तोके बमोजिम लगाइने र उठाईनेछ ।

(२) उपदफा (१) बमोजिमउठेको रकम संघीय र प्रदेश कानून बमोजिम बाँडफाँड गरिनेछ ।

(३) घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउन नगरपालिकामा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारले तोकेको कार्यालय मार्फत उठाईनेछ ।

**१४. दण्ड जरिवाना** :(१)नगरपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा सम्बन्धित कानूनमा दर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा कार्यपालिकाबाट निर्धारित दरमा जरिवाना सहित बक्यौता असुल गर्नेछ ।

(२) नगरपालिकाले उपदफा (१) बाहेक प्रचलित कानून पालना नगरेको कसूरमा लगाउने अन्य दण्ड जरिवाना रकम सम्बन्धित कानुनमा तोकिए बमोजिम हुनेछ ।

**१५. कर छुट** :(१) बार्षिक रुपमा तिर्नुपर्ने राजश्व सोही आर्थिक बर्षको पहिलो चौमासिक भित्र बुझाएमा करदातालाई नियमानुसार लाग्ने राजश्वको दश प्रतिशत छुट दिइनेछ ।

(२) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको सम्पत्ति, वस्तु तथा कारोवारमा यस ऐन बमोजिमको कर लिईने छैन ।

*स्पष्टीकरण:* लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोका आंगिक कलेजहरु, सरकारी वा सामुदायिक विद्यालयहरु, सार्वजनिक पुस्तकालय, वाचनालाय, बालगृह, अनाथाश्रम, वृद्धाआश्रम जस्ता सामाजिक संघसंस्था सम्झनु पर्दछ ।

(३) विपद् वा अन्य यस्तै प्रकृतिका विशेष परिस्थितिको कारणले करदाताहरुले कर भुक्तानी गर्न नसक्ने अवस्था आएमा सोको स्पष्ट कारण खुलाई नगर सभाको निर्णय बमोजिम कर वा जरिवाना छुट दिन सकिनेछ ।

(४) कानूनमा व्यवस्था भएको अवस्थामा बाहेक नगरपालिकाको कुनै निकाय वा अधिकारीले कुनै प्रकारको कर, शुल्क, महसुल, दण्ड, जरिवाना छुट दिन पाउने छैन ।

(५) अपाङ्गता (विशेष क्षमता ) भएको व्यक्तिको हकमा नक्सापास दस्तुरमा रातो कार्ड हुनेलाई सत प्रतिसत निलो कार्ड हुनेलाई ५० प्रतिसत र पहेलो कार्ड हुनेलाई २५ प्रतिसत छुट दिईनेछ ।

तर स्थानीय आर्थिक कृयाकलापमा उल्लेखनीय योगदान पुर्‍याउने किसिमका उद्योग व्यावसायमा निश्चित अवधीसम्म सभाले बनाएको कानून बमोजिम कर, दस्तुर, शुल्क छुट दिन बाधा पर्ने छैन ।

**१६. प्रशासकीय पुनरावलोकन र पुनरावेदन** :(१) नगरपालिकाले गरेको कर, शुल्क, महसुल, दण्ड, जरिवाना सम्बन्धी निर्णयमा चित्त नबुझेमा करदाताले नगरपालिकामा प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर प्रशासकीय पुनरावलोकनको लागि कार्यपालिकाले प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी तीन सदस्यीय राजश्व प्रशासकीय पुनरावलोकन समिति गठन गर्नेछ । यस्तो समितिमा कर निर्धारणमा संलग्न पदाधिकारी वा कर्मचारीको सहभागिता रहनेछैन ।

(३)उपदफा (१) बमोजिम पुनरालोकनकोलागि प्राप्त भएको निवेदन उपर पैतिस दिनभित्र छानविन तथा निर्णय गरी सम्वन्धित व्यक्तिलाई निर्णयको जानकारी दिनु पर्नेछ ।

(४) नगरपालिकाले तोकिएको समयमा यस दफा बमोजिम प्रशासकिय पुनरावलोकन नगरेको कारणले करदातालाई थप आर्थिक भार पर्न गई हानी नोक्सानी पर्न गएमा नगरपालिकाले त्यसको क्षतिपुर्ति दिनु पर्नेछ ।

**१७.ठेक्का आह्वान गर्न सक्ने** :(१) यस ऐन बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोबस्त गरी संकलन गर्नसक्नेछ ।

तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा दुई वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

(२) यस दफा बमोजिमकोआय ठेक्का दिदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

(३) नगरपालिकाले सामान्यतयाः आर्थिक वर्ष शुरु हुनुभन्दा अगावै ठेक्का बन्दोबस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

(४) नगरपालिकाले कर संकलन गर्न सामान्यतयाः ठेक्का बन्दोबस्त गरिने छैन । तर जडिबुटी, कवाडी र जीबजन्तुकर, दहत्तर बहत्तर संकलन, निकासि कर तथा विज्ञापन कर संकलन

गर्न ठेक्का बन्दोबस्त नै गर्नु पर्ने अवस्थामा कार्यपालिकाको निर्णय गराई ठेक्कामा संकलन गर्न सकिनेछ ।

(५) यस दफा बमोजिम गरिने आय ठेक्का बन्दोबस्तका लागि बोलपत्र, दरभाउपत्र तथा डाँक बढाबढ सम्बन्धी कार्यविधि र पट्टा कबुलियत, धरौटी, किस्ता र ठेक्का तोड्ने जस्ता कार्यविधिहरु अर्को व्यबस्था नभएसम्म स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ ( संशोधन समेत) लाई आधार मानी गरिनेछ ।

१८. **सहयोग गर्नुपर्ने** :संघीय तथा प्रदेश सरकारका कार्यालयहरुले नगरपालिकाको राजस्व असुली कार्यमा आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

१९. **प्रगतिशील कर प्रणाली अवलम्बन गरिने** :नगरपालिकाले करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्नुपर्नेछ ।

२०. **कार्यविधि बनाउन सक्ने** :(१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नगरपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनेको कार्यविधि वा निर्देशिका नगरकार्यपालिकाबाट स्वीकृत भई सार्वजनिक भए पछि लागु हुनेछ ।

२१. **प्रचलित कानुन बमोजिम हुने** :यस ऐनमा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका बिषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

# आ.व. २०७६/०७७ को लागि तयार गरिएको आर्थिक ऐन, २०७६ का अनुसूचीहरु:

अनुसुची १

आर्थिक बिधेयक २०७६ दफा ३ वमोजिम

| घरजग्गा बहाल कर | | | |
|---|---|---|---|
| सि नं | प्रस्तावित क्रियाकलापहरु | प्रति एकाई | तोकिएको दर आ.व. ०७६/०७७ |
| १ | वहाल कर | | |
| क | नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले आफनो घर संस्थागत बहालमा दिएमा | वार्षिक प्रतिशत | १० प्रतिशत |
| ख | नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले आफनो घर पारिवारिक बहालमा दिएमा | वार्षिक प्रतिशत | ५ प्रतिशत |
| ग | जग्गा बहाल कर | वार्षिक प्रतिशत | ५ प्रतिशत |

अनुसुची २
आर्थिक बिधेयक २०७६ दफा ४ वमोजिम
व्यावसाय इजाजत (दर्ता नवीकरण) दस्तुरको दर

| सि नं |  | प्रस्तावित क्रियाकलापहरु | प्रति एकाई | तोकिएको दर आ.व. ०७६/७७ (रु.) |
|---|---|---|---|---|
| **२.१** | **व्यवसाय कर** |  |  |  |
| **२.१.१** | **व्यापारिक वस्तु शिर्षकको व्यवसाय कर** |  |  |  |
|  | क) | १ लाख सम्म पूँजी भएको | वार्षिक | १०००।०० |
|  | ख) | १ लाख देखि ५ लाख सम्म पूँजी भएको | वार्षिक | २०००।०० |
|  | ग) | ५ लाख देखि २० लाख सम्म पूँजी भएको | वार्षिक | ३०००।०० |
|  | घ) | २० लाख देखि ५० लाख सम्म पूँजी भएको | वार्षिक | ५०००।०० |
|  | ङ) | ५० लाख भन्दा माथि पूँजी भएको | वार्षिक | कुल पूँजीमा ०.१% |
|  | च) | सुन पसल | वार्षिक | ३,५००।०० |
|  | छ) | चाँदी पसल | वार्षिक | १,०००।०० |
|  | ज) | सुन र चाँदी दुबै भएको पसल | वार्षिक | ५,०००।०० |
|  | ञ) | भेटरिनरी पसल | वार्षिक | ३,०००।०० |
|  | ट) | कृषि मल विउ विजन पसल | वार्षिक | ३,०००।०० |
|  | ठ) | कृषि मल विउ विजन पसल किटनासक औषधी समेत | वार्षिक | ४,०००।०० |
|  | ड) | पेट्रोलियम पदार्थ थोक (पेट्रोल पम्प) | वार्षिक | २०,०००।०० |
|  | ढ) | पेट्रोलियम पदार्थ खुद्रा | वार्षिक | ५,०००।०० |
|  | ण) | स्टील, काठ र फर्निचर विक्रेता | वार्षिक | २,०००।०० |
|  | त) | खेलौना, उपहार विक्रेता | वार्षिक | १,०००।०० |
|  | थ) | सवारी साधन विक्रेता |  |  |
|  |  | साईकल | वार्षिक | २,०००।०० |
|  |  | मोटर साईकल | वार्षिक | १०,०००।०० |
|  |  | ट्र्याक्टर सवै खाले | वार्षिक | २०,०००।०० |
|  |  | जिप, कार वस र ट्रक | वार्षिक | ५०,०००।०० |
| **२.१.२** | **विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक पेशामा** |  |  |  |
|  | क | स्वीकृत चिकित्सक | वार्षिक | ३,०००।०० |
|  | ख | कविराज | वार्षिक | १,०००।०० |
|  | ग | ईन्जिनियर काउन्सिलमा दर्ता भएको ईन्जिनियरलाई दस्तुर | वार्षिक | ५,०००।०० |
|  | घ | कानुन व्यवसायी | वार्षिक | ५,०००।०० |

| | | | | |
|---|---|---|---|---|
| | ङ | लेखा परीक्षक | वार्षिक | ५,०००।०० |
| | च | दन्त चिकित्सक | वार्षिक | २,५००।०० |
| | छ | अनुसन्धानकर्ता र परामर्शदाता | वार्षिक | २,५००।०० |
| | ज | ओभरसियर | वार्षिक | ३,०००।०० |
| | झ | वीमा एजेन्ट | वार्षिक | ३,०००।०० |
| | ञ | सर्भेयर | वार्षिक | ३,०००।०० |
| | ट | अनुवादक | वार्षिक | २,०००।०० |
| | ठ | पशु चिकित्सक | वार्षिक | ३,०००।०० |
| | ड | शेयर दलाल | वार्षिक | २,०००।०० |
| | ढ | सामान ढुवानीकर्ता तथा कम्पनी | वार्षिक | २,०००।०० |
| | ण | संस्थागत पेन्टर | वार्षिक | १,०००।०० |
| | त | भवन घर निर्माण गर्ने व्यक्ति (ठेकेदार) | व्यक्ति | ५,०००।०० |
| | थ | जग्गा प्लानिङ्ग, प्लटिङ्ग (प्रति आना) | आना | १,०००।०० |
| **२.१.३** | **निर्माण व्यवसाय (न. पा. क्षेत्रभित्र ठेगाना भएका)** | | | |
| | क | क वर्ग | वार्षिक | २०,०००।०० |
| | ख | ख वर्ग | वार्षिक | १५,०००।०० |
| | ग | ग वर्ग | वार्षिक | १०,०००।०० |
| | घ | नवीकरण दस्तुर | वार्षिक | ३,०००।०० |
| | ङ | नवीकरण थप दस्तुर | वार्षिक | २,०००।०० |
| | च | इजाजतपत्र प्रतिलिपी दस्तुर | वार्षिक | १,०००।०० |
| **२.१.४** | **उत्पादनमूलक उद्योग** | | | |
| | क | ५ अस्व शक्ति सम्म क्षमता भएको | वार्षिक | ५,०००।०० |
| | ख | ५ देखि १५ अस्व शक्ति सम्म क्षमता भएको | वार्षिक | २,०००।०० |
| | ग | १५ देखि २५  अस्व शक्ति भन्दा माथि क्षमता भएको | वार्षिक | २,५००।०० |
| **२.१.५** | **उर्जामूलक उद्योग** | | | |
| | क | गोवरग्याँस उद्योग | वार्षिक | २,०००।०० |
| | ख | सोलार | वार्षिक | २,०००।०० |
| | ग | अन्य उर्जामूलक उद्योग | वार्षिक | २,०००।०० |
| **२.१.६** | **कृषि तथा वन्य उद्योग** | | | |
| | क | कुखुरा पालन उद्योग | | |
| | १ | १००० सम्म चल्ला राख्ने | वार्षिक | १,५००।०० |
| | २ | १००० देखि ३००० सम्म चल्ला राख्ने | वार्षिक | ३,५००।०० |
| | ३ | ३००० देखि ५००० सम्म चल्ला राख्ने | वार्षिक | ५,०००।०० |
| | ४ | ५००० भन्दा माथि चल्ला राख्ने | वार्षिक | १०,०००।०० |

| | | | | |
|---|---|---|---|---|
| | ५ | ह्याचरी समेत भएको पोल्ट्री फर्म | | १०,०००।०० |
| | ख | फर्निचर उद्योग | | |
| | | स-मिल | वार्षिक | ५,०००।०० |
| | | स-मिल ट्रली सहितको | वार्षिक | १५,०००।०० |
| | | स-मिल नभएको सानो फर्निचर | वार्षिक | २,०००।०० |
| | ग | पशुपालन (अन्य) | वार्षिक | २,०००।०० |
| | घ | वंगुरपालन | वार्षिक | २,५००।०० |
| | ङ | गाई/भैसी पालन | वार्षिक | २,०००।०० |
| | च | बाखापालन | वार्षिक | १,५००।०० |
| | छ | कृषि फर्म (अर्गानिक तथा खेतीपाती) | वार्षिक | ३,०००।०० |
| | ज | कृषि फर्म (खेतीपाती, पशुपालन लगायत मिश्रीत) | वार्षिक | ५,०००।०० |
| **२.१.७** | **पर्यटन उद्योग** | | | |
| **क** | **वि. पी. राजमार्गको आसपासमा रहेको** | | | |
| | १ | "क" वर्गको होटेल र रिसोर्टको लागि | वार्षिक | २०,०००।०० |
| | २ | "ख" वर्गको होटेल र रिसोर्टको लागि | वार्षिक | १०,०००।०० |
| | ३ | "ग" वर्गको होटेल र रिसोर्टको लागि | वार्षिक | ५,०००।०० |
| **ख** | **वि. पी. राजमार्गको आसपास वाहिर रहेको** | | | |
| | १ | "क" वर्गको होटेल र रिसोर्टको लागि | वार्षिक | १०,०००।०० |
| | २ | "ख" वर्गको होटेल र रिसोर्टको लागि | वार्षिक | ५,०००।०० |
| | ३ | "ग" वर्गको होटेल र रिसोर्टको लागि | वार्षिक | ३,०००।०० |
| | ४ | नमोवुद्ध मन्दिर क्षेत्रको सुविधासम्पन्न होटल रिसोर्ट | वार्षिक | ६०,०००।०० |
| **ग** | **साना पर्यटन व्यवसाय** | | | |
| | १ | रेष्टुराँ | वार्षिक | २,५००।०० |
| | २ | रेष्टुरेन्ट एण्ड बार | वार्षिक | ३,५००।०० |
| | ३ | फास्टफुड, भान्छा घर | वार्षिक | २,५००।०० |
| | ४ | लज मात्र भएको | वार्षिक | २,५००।०० |
| | ५ | भोजनालय | वार्षिक | २,५००।०० |
| | ६ | लज तथा भोजनालय | वार्षिक | ४,०००।०० |
| | ७ | मिठाई पसल | वार्षिक | १,५००।०० |
| | ८ | चिया चमेना पसल | वार्षिक | १,०००।०० |
| | ९ | होमस्टे | वार्षिक | १,०००।०० |
| **२.१.८** | **सेवा उद्योग** | | | |
| | १ | छापाखाना | वार्षिक | ५,०००।०० |

| | | | | |
|---|---|---|---|---|
| | २ | फोटोग्राफी | | |
| | क | फोटोग्राफी मात्र भएको | वार्षिक | १,५००।०० |
| | ख | कलरल्याव समेत भएको | वार्षिक | ३,०००।०० |
| | ३ | चलचित्र व्यवसाय | वार्षिक | ५,०००।०० |
| | ४ | सार्वजनिक परिवहन व्यवसाय | वार्षिक | ५,०००।०० |
| | ५ | प्रयोगशाला | वार्षिक | २,०००।०० |
| | ६ | शित भण्डार | वार्षिक | १०,०००।०० |
| | ७ | डेरी उद्योग | वार्षिक | १०,०००।०० |
| | | दुग्ध डेरी पसल | वार्षिक | ३,०००।०० |
| | ८ | दुध संकलन केन्द्र | वार्षिक | १,५००।०० |
| | ९ | दुग्ध चिस्यान | वार्षिक | ५,०००।०० |
| | १० | दुध संकलन तथा प्याकेजिङ्ग | वार्षिक | १०,०००।०० |
| | ११ | कवाडी संकलन केन्द्र | वार्षिक | ५,०००।०० |
| | १२ | वेल्डिङ वर्कसप (ग्रील तथा सर्टर) | वार्षिक | २,५००।०० |
| | १३ | ईन्जिनियरिङ वर्कसप | वार्षिक | ५,०००।०० |
| | १४ | वडी विल्डर उद्योग | वार्षिक | १०,०००।०० |
| | १५ | ह्याण्डीक्राफ्ट | | |
| | क | रु. १ लाख सम्म पुँजी भएको | वार्षिक | १,०००।०० |
| | ख | रु. २ लाख सम्म पुँजी भएको | वार्षिक | २,०००।०० |
| | ग | रु. ३ लाख सम्म पुँजी भएको | वार्षिक | ३,०००।०० |
| | घ | रु. ५ लाख सम्म पुँजी भएको | वार्षिक | ५,०००।०० |
| | ङ | रु. ५ लाख भन्दा माथि पुँजी भएको | वार्षिक | ८,०००।०० |
| | १६ | अन्य सेवाहरु | वार्षिक | १,०००।०० |
| २.१.९ | **निर्माण उद्योग** | | | |
| | १ | सडक, पूल, रोपवे, रेलवे, ट्रलिवस, टनेल, फ्लाइङ वृज निर्माण गरि सञ्चालन गर्ने उद्योग व्यवसाय | वार्षिक | १०,०००।०० |
| | २ | औद्योगिक, व्यापारिक एव आवास कम्प्लेक्स निर्माण गरि सञ्चालन गर्ने उद्योग व्यवसाय | वार्षिक | १०,०००।०० |
| | ५ | सवै प्रकारको खनिज उद्योग (रोडा, ढुंगा, वालुवा आदी) | वार्षिक | १५०,०००।०० |
| | ६ | क्रसर उद्योग | वार्षिक | १५०,०००।०० |
| | ७ | सवै प्रकारको खनिज उद्योग (रोडा, ढुंगा युक्त क्रसर सहित) | वार्षिक | २५०,०००।०० |
| | ८ | अन्य ठुला उद्योग तथा कलकारखान (पचास लाख भन्दा माथि) | वार्षिक | ३०,०००।०० |
| २.१.१० | **सञ्चार सेवा** | | | |

| | | | | |
|---|---|---|---|---|
| | १ | निजी क्षेत्रका हुलाक सेवा | वार्षिक | १,०००।०० |
| | २ | टेलिफोन, फ्याक्स, ईमेल, ईन्टरनेट | वार्षिक | १,०००।०० |
| | ३ | एस. टि. डि र आई. एस डि. | वार्षिक | १,०००।०० |
| | ४ | फोटोकपी | वार्षिक | १,०००।०० |
| | ५ | कुरियर सेवा | वार्षिक | १,५००।०० |
| | ६ | छपाई तथा प्रकाशन | वार्षिक | १,५००।०० |
| | ७ | अन्य सञ्चारका नयाँ माध्यमहरु | वार्षिक | १,५००।०० |
| | ८ | सम्पुर्ण नेट र केबुल | वार्षिक | १००००।०० |
| | ९ | नेट मात्र भउएको | वार्षिक | ५०००।०० |
| | १० | केबुल मात्र भएको | वार्षिक | ५०००।०० |
| | ११ | एफ रेडियो | वार्षिक | ३०००।०० |
| | १२ | डिसहोम बिक्रेता | वार्षिक | २०००।०० |
| २.१.११ | **वित्तिय सेवा** | | | |
| | १ | (क) बर्ग | वार्षिक | १०,०००।०० |
| | २ | (ख) बर्ग | | ७०००।०० |
| | ३ | (ग) बर्ग | | ६००० |
| | ४ | (घ) बर्ग | | ५००० |
| | ४ | वीमा कम्पनी | वार्षिक | ६,०००।०० |
| | ५ | सहकारी वैंक | वार्षिक | ७,०००।०० |
| | ६ | वहुउदेशिय सहकारी संस्था | वार्षिक | ५,०००।०० |
| | ७ | वचत तथा ऋण सहकारी संस्थाहरु | वार्षिक | २,०००।०० |
| | ८ | कृषी सहकारी | वार्षिक | १,०००।०० |
| | ९ | महिला सहकारी संस्था | वार्षिक | १,०००।०० |
| | १० | नगरपालिका क्षेत्र भन्दा बाहिर दर्ता भइ नगरपालिका क्षेत्रमा शाखा/सेवा केन्द्र विस्तार गर्ने सहकारी संस्थाहरु | वार्षिक | ५,०००।०० |
| २.१.१२ | **स्वास्थ्य सेवा** | | | |
| | १ | गैरसरकारी अस्पताल/पोलिक्लिनिक | वार्षिक | ५,०००।०० |
| | २ | नर्सिङ्ग होम | वार्षिक | ७,०००।०० |
| | ३ | क्लिनिक र ल्याव | वार्षिक | ३,०००।०० |
| | ४ | फार्मेसी मात्र | वार्षिक | २,०००।०० |
| २.१.१३ | **शिक्षा सेवा** | | | |

| | | | | |
|---|---|---|---|---|
| | १ | नीजि क्षेत्रका स्कुल | | |
| | क | प्रा वि र नि मा वि तहसम्म | वार्षिक | ८,०००।०० |
| | ख | माध्यमिक तहसम्म | वार्षिक | १२,०००।०० |
| | २ | नीजि क्षेत्रका क्याम्पस र विश्वविद्यालय | वार्षिक | २०,०००।०० |
| | ३ | तालिम केन्द्र | वार्षिक | ५,०००।०० |
| | | अनुसन्धान केन्द्र | वार्षिक | ३,५००।०० |
| | | तालिम तथा अनुसन्धान केन्द्र | वार्षिक | ७,०००।०० |
| | ४ | टाईपिङ्ग, कम्प्यूटर, इन्स्टिच्युट तथा भाषा शिक्षण | वार्षिक | २,५००।०० |
| | ५ | अन्तर्राष्ट्रिय गैसस | वार्षिक | ५,०००।०० |
| | ६ | राष्ट्रिय गैसस | | |
| | क | राष्ट्रिय स्तरीय | वार्षिक | २,५००।०० |
| | ख | जिल्ला स्तरीय | वार्षिक | २,०००।०० |
| | ग | नगर स्तरीय | वार्षिक | १,५००।०० |
| २.१.१४ | **मर्मत सम्भार सेवा** | | | |
| | १ | हेभी इक्विपमेन्ट बस, ट्रक, कार, मर्मत वर्कसप | वार्षिक | ५,०००।०० |
| | २ | मोटरसाईकल र साईकल मर्मत वर्कसप | वार्षिक | २,५००।०० |
| | ३ | रेडियो, टिभि, घडी, प्रेसर कुकर हिटर, टेलिफोन सेट आदि मर्मत रेफ्रिजेरेटर, मोटर, फ्रिज | वार्षिक | २,०००।०० |
| | ४ | लेथ मेसिन सहितको वर्कशप | वार्षिक | ५,०००।०० |
| | ५ | गाडी तथा बाइक वासिङ्ग सेन्टर | वार्षिक | ३,०००।०० |
| २.१.१५ | **अन्य सेवा** | | | |
| | १ | विज्ञापन सेवा | वार्षिक | १,०००।०० |
| | २ | वैदेशिक रोजगार सेवा | वार्षिक | २,०००।०० |
| | ३ | स्वदेशी रोजगार सेवा | वार्षिक | १,५००।०० |
| | ४ | सेक्रेटरियल सेवा | वार्षिक | १,५००।०० |
| | ५ | हाउजिङ्ग कम्पनी तथा घर जग्गा खरीद बिक्री (रियल स्टेट) | वार्षिक | १०,०००।०० |
| | ६ | व्युटी पार्लर, केश श्रृंगार, ड्राई क्लिनर्स, | वार्षिक | १,०००।०० |
| | ७ | हेयर कटिङ्ग तथा सैलुन | वार्षिक | २,०००।०० |
| | ८ | सिलाई | वार्षिक | १,०००।०० |
| | ९ | साईनबोर्ड बनाउने पेन्टिङ्ग सेवा | वार्षिक | १,०००।०० |
| | १३ | पशु वधशाला | वार्षिक | १०,०००।०० |
| | १४ | मासु वा माछा विक्रेता | वार्षिक | १,५००।०० |
| | १५ | फूल र विरुवा विक्रेता | वार्षिक | १,०००।०० |
| | १६ | स्नोकर तथा पुल हाउस | वार्षिक | ४,०००।०० |

| | | | | |
|---|---|---|---|---|
| | १७ | स्नोकर हाउस | | ३,०००।०० |
| | १८ | जिम हाउस | | ३,५००।०० |
| | १९ | स्टेस्नरी सेन्टर | वार्षिक | १,५००।०० |
| | २० | खोटो व्यवसायी | वार्षिक | १,५००।०० |
| | २१ | सिसा प्लाईउड विक्रेता | वार्षिक | २,०००।०० |
| २.१.१६ | **अन्य व्यवसाय** | | | |
| | १ | पिकनिक स्पट | वार्षिक | ५,०००।०० |
| | २ | क्यासिनो | वार्षिक | ५०,०००।०० |
| | ३ | टुर अपरेटर | वार्षिक | ३,०००।०० |
| | ४ | मसाज पार्लर | वार्षिक | २,०००।०० |
| | ५ | पार्क उद्यान | वार्षिक | २,०००।०० |
| २.१.१७ | **अस्थायी हाटवजार वा घुम्ति पसल** | | | |
| | १ | घुम्ती (मोवाईल) पसल, खुन्चा समेत | पटके | २५।०० |
| | २ | चौपाया | पटके | २५।०० |
| | ३ | हाँस कुखुरा आदि | पटके | १०।०० |
| | ४ | साग सब्जी र फलफूल पसल | पटके | १०।०० |
| | ५ | अन्य | पटके | १५।०० |
| | ६ | माथि उल्लेख भएका भन्दा वाहेकको व्यवसायहरु ( कुल पूजी लगानीको आधारमा) | | |
| | क | रु २०,०००।०० सम्म पूजी भएको | वार्षिक | १,०००।०० |
| | ख | रु १,००,०००।०० सम्म पूजी भएको | वार्षिक | १,५००।०० |
| | ग | रु २,५०,०००।०० सम्म पूजी भएको | वार्षिक | २,५००।०० |
| | घ | रु ५,००,०००।०० सम्म पूजी भएको | वार्षिक | ३,५००।०० |
| | ङ | रु ५,००,०००।०० देखि २५,००,००० सम्म पूजी भएको | वार्षिक | ५,०००।०० |
| | च | २५,००,००० भन्दा माथि पूजी भएको | वार्षिक | १०,०००।०० |
| २.१.१८ | इजाजत दस्तुर निर्माण व्यवसाय | | | |
| | क | क वर्ग | वार्षिक | २०,०००।०० |
| | ख | ख वर्ग | वार्षिक | १५,०००।०० |
| | ग | ग वर्ग | वार्षिक | १०,०००।०० |
| | घ | घ वर्ग | वार्षिक | ५,०००।०० |
| | ङ | साधरण निमार्णमुखी  खनिज पदार्थ (रोडा, ढुंगा, वालुवा आदी) | वार्षिक | ४००,०००।०० |
| | च | कसर उद्योग | वार्षिक | ३००,०००।०० |
| | छ | सवै प्रकारको खनिज उद्योग (रोडा, ढुंगा युक्त कसर सहित) | वार्षिक | ६००,०००।०० |

| | | | | |
|---|---|---|---|---|
| | ज | अटोरिक्सा चार महिनाको लागि | चौमासिक | ५५०।०० |
| २.१.१९ | इजाजत नविकरण दस्तुर | | | |
| | क | क वर्ग | वार्षिक | १५,०००।०० |
| | ख | ख वर्ग | वार्षिक | १०,०००।०० |
| | ग | ग वर्ग | वार्षिक | ५,०००।०० |
| | घ | घ वर्ग | वार्षिक | ३,०००।०० |
| | ङ | सवै प्रकारको खनिज उद्योग (रोडा, ढुंगा, वालुवा आदी) | वार्षिक | १५०,०००।०० |
| | च | कसर उद्योग | वार्षिक | १५०,०००।०० |
| | छ | सवै प्रकारको खनिज उद्योग (रोडा, ढुंगा युक्त कसर सहित) | वार्षिक | २५०,०००।०० |

| आर्थिक बिधेयक २०७६ दफा ६ वमोजिम | | | |
|---|---|---|---|
| अनुसुची ३<br>वनकस जडीबुटी कर | | | |
| सि नं | प्रस्तावित क्रियाकलापहरु | प्रति एकाई | तोकिएको दर आ.व. ०७६/७७ (रु.) |
| **३** | **वनकस जडीवुटी** | | |
| **३.१** | बोधिचित्त प्रति माला सिफारिस वापत प्रति सिफारिस शुल्क | प्रति सिफारिस | ५००।०० |
| **३.२** | खोटो,जडिवुटी,वनकस,कवाडीमाल कारोवार गरेवापत प्रति रु.१००० मा | प्रतिशत | १।०० |
| **३.३** | प्रचलित कानुनले निषेध गरे दखी वाहेक अन्य मृत जीवजन्तुको हाड,सिङ,प्वाख, छालामा प्रति कारोवार रु.१००० | प्रतिशत | १।०० |

| नमोवुद्ध नगरपालिका | | | | |
|---|---|---|---|---|
| आर्थिक बिधेयक २०७६ दफा ६ वमोजिम | | | | |
| **अनुसुची ४** | | | | |
| **सि नं** | **सवारी साधनको किसिम** | | **वार्षिक करको दर** | **कैफियत** |
| **४** | **सवारी दर्ता तथा वार्षिक सवारी कर** | | रकम रु | |
| **४.१** | १ | टाँगा | ५००।०० | |
| **४.२** | २ | रिक्सा | ५००।०० | |
| **४.३** | ३ | अटोरिक्सा | १,५००।०० | |
| **४.४** | ४ | विद्युतीय रिक्सा तथा विद्युतीय स्कुटर | ५००।०० | |
| **४.५** | ५ | अटोरिक्साको रुट ईजाजत प्रत्येक ४ महिनाको | ५५० | |

| आर्थिक बिधेयक २०७६ दफा ७ वमोजिम | | | | |
|---|---|---|---|---|
| अनुसुची ५ | | | | |
| सि नं | प्रस्तावित क्रियाकलापहरु | | प्रति एकाई | तोकिएको दर आ.व. ०७६/७७ |
| **५** | **विज्ञापन तथा परिचय पाटी (नगरपालिकाले निषेध नगरेको क्षेत्रमा)** | | | |
| ५.१ | १ | डि.पि.एस बोर्डमा १० ब. फि. सम्म प्रति बोर्डको वार्षिक | " | १५०।०० |
| ५.२ | २ | डि.पि.एस बोर्डमा १० ब. फि. भन्दा माथि प्रति वर्ग फि वार्षिक | " | ४०।०० |
| ५.३ | ३ | प्रचार प्रसार पर्चा पम्प्लेट प्रति पाना | " | १।०० |
| ५.४ | ४ | ब्यापारिक तथा ब्यवसायिक प्रयोजनका होर्डिङबोर्डहरुमा प्रति स्क्वा. फुट | " | ४०।०० |
| ५.५ | ५ | ब्यापारिक तथा ब्यवसायिक प्रयोजनका फ्लेक्स प्रति स्क्वा. फुट | " | १०।०० |
| ५.६ | ६ | कपडाको तुल र फ्रेमनगरिएको फ्लेक्स ब्यानर प्रति थान प्रति पटक | " | ४०।०० |
| ५.७ | ७ | वाल पेन्टिङ गरी प्रचार प्रसारको दृष्टिकोणले घरको भित्तामा वा पर्खालमा लेखिएकोमा वार्षिक प्रति स्क्वायर फुट | " | ३०।०० |
| ५.८ | ८ | एक दिनको प्रचार प्रसार गर्ने कार्यक्रम लाई प्रतिदिन | " | ५०००।०० |
| ५.९ | ९ | डिजिटल होर्डिङबोर्ड | " | ५००।०० |

| नमोवुद्ध नगरपालिका | | | |
|---|---|---|---|
| आर्थिक बिधेयक २०७६ दफा ८ वमोजिम | | | |
| अनुसुची ६ | | | |
| सि नं | प्रस्तावित क्रियाकलापहरु | प्रति एकाई | तोकिएको दर |
| ६ | **मनोरंजन कर** | | |
| ६.१ | सर्कस जादू देखाएवापत प्रति दिनको | | संघीय र प्रदेश कानून अनुसार |
| ६.२ | व्यवसायिक भिडीयो कर | | |
| ६.३ | रयाफटिङ | प्रति गोटा | |
| ६.४ | **थिएटर संगीत हल** | | |
| ६.५ | **सास्कतिक प्रर्दशन हल** | | |
| ६.६ | सिनेमा हल संचालन वार्षिक | | |
| ६.७ | नगरपालिका क्षेत्रभित्र सिनेमा छायाङ्कनगरको | प्रतिदिन | रु ५०० |

| आर्थिक बिधेयक २०७६ दफा ९ वमोजिम | | | |
|---|---|---|---|
| अनुसुची ७ | | | |
| सि नं | प्रस्तावित क्रियाकलापहरु | प्रति एकाई | तोकिएको दर आ.व. ०७६/७७ |
| ७ | **वहाल विटौरी शूल्क** | | |
| ७.१ | नगर क्षेत्रभित्रका सार्वजनिक स्थल, ऐलानी जग्गा वा वाटोको छेउमा अस्थायी व्यवसाय गर्न दिएवापत मासिक विटौरी कर | वर्ग फिट प्रतिशत | ५।०० |
| ७.२ | ऐलानी जग्गा वा वाटोको छेउमा खेतीपाती गरे वापत खेतको वार्षिक | प्रति रोपनी | १,०००।०० |
| ७.३ | ऐलानी जग्गा वा वाटोको छेउमा खेतीपाती गरे वापत वारीको वार्षिक | प्रति रोपनी | ५००।०० |

| आर्थिक बिधेयक २०७६ दफा १० वमोजिम | | | |
|---|---|---|---|
| अनुसुची ८ | | | |
| सि नं | प्रस्तावित क्रियाकलापहरु | प्रति एकाई | तोकिएको दर आ.व. ०७६/७७ |
| ८ | **पार्किङ शूल्क** | | |
| ८.१ | वस टिप्पर कार भ्यान | प्रति घन्टा | २०।०० |
| ८.२ | मोटरसाइकल | प्रति घन्टा | १०।०० |

| आर्थिक बिधेयक २०७६ दफा ११ वमोजिम | | | | |
|---|---|---|---|---|
| अनुसुची ९ | | | | |
| सि नं | | प्रस्तावित क्रियाकलापहरु | प्रति एकाई | तोकिएको दर आ.व. ०७६/७७ |
| ९.१ | | **ट्रेकिङ  वन्जी जम्पीङ आदि शूल्क** | | |
| क | | ट्रेकिङ मा जानेको लागि  १० दिन सम्मको | | २,०००।०० |
| ख | | वन्जी जम्पीङका लागि | प्रति जना | १०।०० |

| सि नं | | प्रस्तावित क्रियाकलापहरु | प्रति एकाई | तोकिएको दर आ.व. ०७६/७७ |
|---|---|---|---|---|
| ९.२ | **सेवा शुल्क दस्तुर, सार्वजनिक सुविधा उपयोग सेवा शुल्क** | | | |
| ९.२.१ | **शौचालय प्रयोग शुल्क** | | | |
| | १ | दिशा | पटके | १०।०० |
| | २ | पिसाव | " | ५।०० |
| | ३ | स्नान | " | ३०।०० |
| ९.२.२ | **सरसफाई तथा फोहरमैला व्यवस्थापन शुल्क** | | | |
| | १ | **होटेल व्यवसाय** | | |
| | क | "क" वर्गको लागि | मासिक | १,५००।०० |
| | ख | "ख" वर्गको लागि | " | १,२००।०० |
| | ग | "ग" वर्गको लागि | " | १,०००।०० |
| | घ | साना होटेल रेष्टुराँ र गेष्टहाउस खाना सहित | " | ५००।०० |
| | ङ | साना जलपानगृह, खाजाघर | " | २००।०० |
| | च | खाजाघर मदिरा सहित भएमा थप | " | २००।०० |
| | छ | किराना पसल | | २००।०० |
| | ज | तरकारी तथा फलफुल पसल | | ३००।०० |
| | झ | किराना पसल, तरकारी तथा फलफुल पसल | " | ४००।०० |
| | २ | **अस्पताल र नर्सिङ्ग होम** | | |
| | क | मुख्य वजार केन्द्रमा अवस्थित | " | १,५००।०० |
| | ख | सो वाहेको स्थानमा अवस्थित | " | ८००।०० |
| | ३ | **शिक्षण संस्था** | | |
| | क | विश्वविद्यालय | " | १,५००।०० |
| | ख | क्याम्पस | " | ५००।०० |
| | ग | मावि/उच्च मावि | " | २००।०० |

| | | | | |
|---|---|---|---|---|
| | घ | अन्य निजी विद्यालयको लागि | " | १५०।०० |
| | ४ | **अन्य क्षेत्रहरु** | | |
| | क | सरकारी तथा गैरसरकारी कार्यालयहरु | " | २००।०० |
| | ख | अन्य घर तथा गोदामहरु | " | ३००।०० |
| | ग | पसल तथा उद्योग | " | २००।०० |
| | घ | ईलेक्ट्रिकल पसल | " | १००।०० |
| | ङ | छापाखाना | " | २००।०० |
| | च | सञ्चार सम्वन्धि व्यवसाय | " | १००।०० |
| | छ | व्यूटि पार्लर र सैलुन | " | २००।०० |
| | ज | फोटो स्टुडियो | " | १००।०० |
| | झ | हार्डवेयर पसल | " | ३००।०० |
| | ञ | किचेन सामाग्री विक्रेता (भाँडाकुँडा) | " | २००।०० |
| | ट | फर्निचर विक्रेता | " | १००।०० |
| | ठ | काष्ठ उद्योग | " | २००।०० |
| | ड | कुटनी, पिसनी र पेलानी मिल | " | १००।०० |
| | ढ | रेडिमेड कपडा पसल | " | २००।०० |
| | ण | स्टेशनरी पसल (मसलन्द) | " | १५०।०० |
| | त | जुत्ता चप्पल पसल | " | १५०।०० |
| | थ | जुत्ता सिलाउँने पसल | " | १५०।०० |
| | द | छात्रवास | " | ५००।०० |
| | ध | बधशाला सहितको मासु पसल | " | १,०००।०० |
| | न | माछा/मासु पसल | " | ५००।०० |
| | | क्याटरिङ्ग | वार्षिक | २,०००।०० |
| | | पार्टि प्यालेस | वार्षिक | ३,०००।०० |
| | प | मोटरसाईकल/साईकल वर्कसप | मासिक | २००।०० |
| | फ | पोल्ट्री फर्म | | |
| | | वस्ती नजिक १०० मिटर भित्र | " | १,०००।०० |
| | | वस्ती नजिक १०० मिटर वाहिर | " | ३५०।०० |
| | व | टेलरिङ्ग | " | १५०।०० |
| | भ | औषधी पसल | " | २००।०० |
| | म | सृङ्गार /चुरा पसल | " | २००।०० |
| | य | ढुङ्गा/गिटी/बालुवा लगायतका खानी | " | ५००।०० |
| | र | निजी आवास | " | १००।०० |

| | | | | |
|---|---|---|---|---|
| | ल | अन्य व्यवसाय | " | १५०।०० |
| | उल्लेखित भन्दा बाहेकका वयवसायहरुको फोहोरको प्रकृति हेरेर रु. १०० देखि ५०० सम्म लिइनेछ । | | " | |
| ९.२.३ | **अन्य सुविधा शुल्कहरु** | | | |
| | १ | **सार्वजनिक सडक वत्ती सेवा शुल्क** | वार्षिक | ५०।०० |
| | २ | **विपद् व्यवस्थापन सेवा शुल्क** | " | २५।०० |
| | ३ | **डिजिट नापी सेवा शुल्क** | " | |
| | | शहरी क्षेत्र प्रति कित्ता | " | १००।०० |
| | | ग्रामिण क्षेत्र प्रति कित्ता | " | २५।०० |
| | ४ | **विद्युत टेलीफोन पोल शुल्क** | | |
| | | सिमेन्टको पोल | " | १,२००।०० |
| | | काठको पोल | " | १,५००।०० |
| | | फलामको पोल | " | १,५००।०० |
| | ५ | **विद्युत ट्रान्सफरमर शुल्क** | | |
| | | सिमेन्टको पोल | " | १,५००।०० |
| | | काठको पोल | " | २,०००।०० |
| | | फलामको पोल | " | २,०००।०० |
| | ६ | **टेलीफोन पोल शुल्क** | | |
| | | सिमेन्टको पोल | " | १,२००।०० |
| | | काठको पोल | " | १,५००।०० |
| | | फलामको पोल | " | १,५००।०० |
| | ७ | **मोवाईल टावर** | " | १२,०००।०० |
| | ८ | **एफ एम / सञ्चार टावर** | " | ६,०००।०० |
| | ९ | **टेलिभिजन टावर** | " | १२,०००।०० |
| | | | | |
| ९.२.४ | **अचल सम्पत्ति मुल्यांकन सेवा शुल्क** | | | |
| | १ | रु १ लाख देखि १० लाखसम्म | | २००।०० |
| | २ | रु १० लाख १ देखि २० लाखसम्म | | ४००।०० |
| | ३ | रु २० लाख १ देखि ३० लाखसम्म | | १,५००।०० |
| | ४ | रु ३० लाख १ देखि ५० लाखसम्म | | ३,०००।०० |
| | ५ | रु ५० लाख १देखि १ करोडसम्म | | ७,०००।०० |
| | ६ | रु १ करोड १ देखि ५ करोडसम्म | | १०,०००।०० |

| | | | | |
|---|---|---|---|---|
| | ७ | रु ५ करोड १ भन्दा माथि प्रति करोड | | २,०००।०० |
| ९.२.५ | **दर्ता र नविकरण दस्तुर** | | | |
| | १ | **व्यक्तिगत घट्ना दर्ता** | | |
| | | प्रमाणपत्र दस्तुर (३६ दिन देखि १ वर्ष सम्म) | पटक | ५०।०० |
| | | १ वर्ष नाघेमा जरिवाना | " | २५।०० |
| | | प्रमाणपत्रको प्रतिलिपी | " | ५०।०० |
| | | व्यबसाय दर्ता प्रमाणपत्र प्रतिलिपी | " | १०००।०० |
| ९.२.६ | **नक्सा पास दस्तुर (नयाँ तथा पुरानो)** | | | |
| | १ | सुर्खिचुना जोडाई | पटक | २,०००।०० |
| | २ | माटो जोडाई कच्ची घर | " | ५००।०० |
| | ३ | साविक बमोजिम भवन तथा घर मर्मत स्वीकृति | " | ५००।०० |
| | ४ | अस्थायी टहरा साधारण | प्रति वर्ग फिट | २।०० |
| | ५ | अस्थायी टहरा होटेल उद्योग आदि | " | ५।०० |
| | ६ | माटो जोडाई पक्की घर | " | २।०० |
| | ७ | सिमेन्ट जोडाईको पक्की घर भूई तला | " | ५।०० |
| | ८ | सिमेन्ट जोडाईको पक्की घर पहिलो तला देखि माथि | " | ८।०० |
| | ९ | सटर भएको घर | " | ८।०० |
| | १० | होटेल व्यवसाय र सपिङ्ग कम्प्लेक्सको लागि | " | १०।०० |
| | ११ | निर्माण भईसकेको घरको पछि नक्सा पास गर्दा मापदण्डभित्र रहेछ भने नियमित दस्तुरको अलवा थप | " | ५।०० |
| | १२ | कम्पाउण्ड वाल सिमेन्ट जोडाई | " | २।०० |
| | १३ | कम्पाउण्ड वाल माटो जोडाई | " | १।०० |
| | १४ | न पा हुनु अगावै निर्माण भएको घरमा तल्ला थप गर्दा पहिलो निर्माण भए जति घरको हकमा प्रमाणित दस्तुर | " | ३।०० |
| | १५ | नक्सा नामसारी दस्तुर | " | ५।०० |
| | १६ | घर निर्माण सरसफाई धरौटी | " | ५,०००।०० |
| | १७ | आशिंक निर्माण सम्पन्न दस्तुर | पटक | १,०००।०० |
| | १८ | निर्माण सम्पन्न दस्तुर | | १,०००।०० |
| | १९ | कम्पाउण्ड वाल निर्माण | प्रति वर्ग फिट | ३।०० |
| | २० | ट्रस्ट युक्त टहरा पिल्लर | प्रति वर्ग फिट | ५।०० |
| | २१ | अंशवण्डाको हकमा नक्सा नामसारी गर्दा | लागेको दस्तुरमा | २५% |
| | २२ | किनबेच भएको हकमा नक्सा नामसारी गर्दा | लागेको दस्तुरमा | ५०% |
| | २३ | घरको नक्सा सम्पन्न लिइसकेपछि फेरी ट्रस्ट हालेमा | प्रति वर्ग फिट | ६।०० |
| | **नक्सा परिबर्तन गरेमा** | | | ५०% |

| | | | | |
|---|---|---|---|---|
| | **जम्मा** | | | |
| ९.२.७ | **सिफारिस तथा वक्सौनी दस्तुर** | | | |
| | १ | **सामान्य सिफारिसहरु** | | |
| | क | नाम थर सम्शोधन सिफारिस | गोटा | १००।०० |
| | ख | नेपाली नागरिक्ता प्रमाणपत्र (वंशज) सिफारिस | " | १००।०० |
| | ग | नेपाली नागरिक्ता प्रमाणपत्र (विवाहित अंगिकृत र अंगिकृत) सिफारिस | " | ५००।०० |
| | घ | वैदेशिक प्रयोजनार्थ नाता प्रमाणित | " | ५००।०० |
| | ङ | संस्था दर्ता सिफारिस | " | १,०००।०० |
| | च | साधारण विविध सिफारिस | " | १००।०० |
| | छ | तीन पुस्ते फोटो टाँस सिफारिस | " | १००।०० |
| | ज | असहाय र अपाँग, दैवि प्रकोप, छात्रवृत्तिको सिफारिस | गोटा | छूट |
| | ञ | चलचित्र छायाङन अनुमति सिफारिस दस्तुर | प्रति चलचित्र | ५००।०० |
| | ट | सहकारी अडिटर नियुक्ति सिफारिस | गोटा | ५००।०० |
| | २ | **जग्गा नामसारी सिफारिस** | | |
| | क | वि पी राजमार्गले छोएको दुवै तर्फका जग्गा सडकवाट २०० सय मिटरसम्म भित्र | रोपनी | २००।०० |
| | ख | अन्य सवै जग्गा | रोपनी | १००।०० |
| | ग | जोत नामसारी सिफारिस | | १००।०० |
| | घ | घरजग्गा दर्ता | | |
| | अ | वि.पी. राजमार्गले छोएको दुवै तर्फका जग्गा सडकवाट २०० सय मिटरसम्म भित्र | रोपनी | २५०।०० |
| | आ | अन्य सवै जग्गा | " | १५०।०० |
| | ङ | विर्ता जग्गा नामासारी | " | २५०।०० |
| | च | जोत छोडपत्र र नाम कट्टा | " | ५००।०० |
| | छ | गुठी जग्गा राजगुठीमा र रैतान नम्वरीमा परिणत दर्ता नामसारी | " | ५००।०० |
| | ज | स्ववासी जग्गाको हक परिणत | " | १५०।०० |
| | झ | स्ववासी जग्गाको हक परिणत घर भए प्रति घर थप | " | १५०।०० |
| | ञ | छुट दर्ताको सिफारिस | " | ५००।०० |
| | ट | चार किल्ला प्रमाणित | " | ५००।०० |
| | अ | राष्ट्रिय राजमार्ग (वि पी राजमार्ग, सिन्धुली वर्दिवास राजमार्ग) र पक्की पिच मोटरवाटोसंग जोडिएको जग्गाहरु | " | ५००।०० |
| | आ | कच्ची मोटरवाटो भएका जग्गाहरु | " | ३००।०० |
| | इ | अन्य सवै जग्गा | " | २००।०० |
| | ट | चार किल्ला प्रमाणित उद्योग र होटेल जुनसुकै | " | २,०००।०० |

| | | | | |
|---|---|---|---|---|
| | | वडाको | | |
| | ङ | अपुतलि सिफारिस | " | ५००।०० |
| | ढ | मोही लगत कट्टा सिफारिस | " | ३००।०० |
| | ण | मोही नामसारी सिफारिस | " | १००।०० |
| | त | मोही दर्ता सिफारिस | " | ५०।०० |
| | ३ | **उद्योग दर्ता सिफारिस** | | |
| | क | रु दशलाख सम्म पूजी लगानी हुनेमा | पटक | २,०००।०० |
| | ख | त्यसपछि प्रति दशलाखमा थप | " | ५००।०० |
| | ग | डिलरसिप सिफारिस | " | १,०००।०० |
| | ४ | **धारा विजुली जडान सिफारिस दस्तुर** | | |
| | क | धारा विजुली जडान सिफारिस | " | २००।०० |
| | ख | धारा विजुली नामसारी सिफारिस | " | २००।०० |
| | ५ | **घर व्लक नम्वर दस्तुर** | | |
| | क | घर व्लक नंवर (नयाँ) | " | २००।०० |
| | ख | घर व्लक नं नामसारी | " | १५०।०० |
| | ६ | **वार्षिक आम्दानी प्रमाणित दस्तुर (कुल मुल्यांकन रकमको आधारमा)** | | |
| | क | वैदेशिक रोजगार वा अध्ययनमा जाने नागरिक वा निजको परिवार(मुल्यांकित रकमको) | प्रतिशत | ०।०५ |
| | ख | कृषि प्रयोजनको लागि(मुल्यांकित रकमको) | प्रतिशत | ०।१० |
| | ग | व्यापारिक प्रयोजनको लागि(मुल्यांकित रकमको) | प्रतिशत | ०।२५ |
| | ७ | **घर वाटो प्रमाणित दस्तुर (घरवाटो सिफारिस)** | | |
| | ७(१) | **वि. पि./अरनिको राजमार्गले छोएको जग्गा** | | |
| | क | दई आनासम्मको लागि | पटक | ३००।०० |
| | ख | चार आनासम्मको लागि | " | ६००।०० |
| | ग | आठ आनासम्मको लागि | " | १,२००।०० |
| | घ | एक रोपनी सम्मको लागि | " | २,४००।०० |
| | ङ | एक रोपनी देखि तीन रोपनीसम्मको लागि | " | ३,०००।०० |
| | च | तीन रोपनी देखि पाँच रोपनीसम्मको लागि | " | ३,५००।०० |
| | छ | पाँच रोपनी देखि दश रोपनीसम्मको लागि | " | ४,०००।०० |
| | ज | दश रोपनी देखि माथि | " | ५,०००।०० |
| | ७(२) | **पक्की माटरवाटोसंग जोडिएको जग्गा** | | |
| | क | दई आनासम्मको लागि | " | १००।०० |
| | ख | चार आनासम्मको लागि | " | २००।०० |
| | ग | आठ आनासम्मको लागि | " | ८००।०० |
| | घ | एक रोपनी सम्मको लागि | " | १,०००।०० |
| | ङ | एक रोपनी देखि तीन रोपनीसम्मको लागि | " | १,५००।०० |

| | | | | |
|---|---|---|---|---|
| | च | तीन रोपनी देखि पाँच रोपनीसम्मको लागि | " | २,०००।०० |
| | छ | पाँच रोपनी देखि दश रोपनीसम्मको लागि | " | ३,०००।०० |
| | ज | दश रोपनी देखि माथि | " | ३,५००।०० |
| | ७(३) | **कच्ची माटरवाटोसंग जोडिएको जग्गा** | | |
| | क | चार आनासम्मको लागि | " | २००।०० |
| | ख | आठ आनासम्मको लागि | " | ४००।०० |
| | ग | एक रोपनी सम्मको लागि | " | ६००।०० |
| | घ | एक रोपनी देखि तीन रोपनीसम्मको लागि | " | ८००।०० |
| | ङ | तीन रोपनी देखि पाँच रोपनीसम्मको लागि | " | १,०००।०० |
| | च | पाँच रोपनी देखि दश रोपनीसम्मको लागि | " | १,५००।०० |
| | छ | दश रोपनी देखि माथि | " | २,०००।०० |
| | ७(४) | **गोरेटो घोडेटो वाटोसंग जोडिएको जग्गा** | | |
| | क | चार आनासम्मको लागि | " | १००।०० |
| | ख | आठ आनासम्मको लागि | " | २००।०० |
| | ग | एक रोपनी सम्मको लागि | " | ४००।०० |
| | घ | एक रोपनी देखि तीन रोपनीसम्मको लागि | " | ६००।०० |
| | ङ | तीन रोपनी देखि पाँच रोपनीसम्मको लागि | " | ८००।०० |
| | च | पाँच रोपनी देखि दश रोपनीसम्मको लागि | " | १,०००।०० |
| | छ | दश रोपनी देखि माथि | " | १,५००।०० |
| | **जम्मा** | | | |
| ९.२.८ | **नाता जन्म तथा अन्य प्रमाणित दस्तुर** | | | |
| | क | नाता प्रमाणित | पटक | २००।०० |
| | ख | जन्म प्रमाणित | " | १००।०० |
| | ग | कर चुक्ता प्रमाणित | " | १००।०० |
| | घ | विवाहित/अविवाहित प्रमाणित | " | १००।०० |
| | ङ | दुवै एकै भएको प्रमाणित | " | १००।०० |
| ९.२.९ | **अन्य विक्री** | | | |
| | १ | निवेदन फारम | गोटा | ५०।०० |
| | २ | नाता प्रमाणित निवेदन फारम | " | १००।०० |
| | ३ | नागरिकता फारम | " | १०।०० |
| | ४ | नक्सा दर्ता किताव | " | ५५०।०० |
| | ५ | प्रमाणपत्र | " | ५००।०० |
| | ६ | नक्सा अभिलेखीकरण किताब विक्री | " | ३५०।०० |
| ९.२.१० | १ | **विलम्व शुल्क** | | |
| | क | व्यवसाय कर प्रत्येक वर्ष नवुझाएवापत जरिवाना | वार्षिक प्रतिशत | २० |

| | | | | |
|---|---|---|---|---|
| | ख | सम्पती कर एक वर्षको बक्यौतामा सोको | वार्षिक प्रतिशत | १० |
| | ग | मालपोत चालु आ.व. भित्र नबुझाएवापत जरिवाना | वार्षिक प्रतिशत | १० |
| | घ | घरजग्गा बहाल कर प्रत्येक बर्ष नबुझाएवापत जरिवाना | वार्षिक प्रतिशत | १० |
| | ङ | सम्पतिकर एक बर्ष भन्दा बडि बक्यौतामा | प्रतिबर्ष | १५ |
| | २ | **सार्वजनिक स्थानमा निर्माण सामाग्री थुपारेवापत** | | |
| | क | दैनिक लाग्ने शुल्क | दिन | ५०।०० |
| | ख | अन्यथा भएमा जरिवाना | " | १००।०० |
| | ३ | **निशेधित स्थानमा भारी सवारी साधन प्रवेश गरेवापत** | | |
| | क | पहिलो पटक | पटक | ५००।०० |
| | ख | दोश्रो पटक | " | ५,०००।०० |
| | ग | दुई भन्दा वढी पटकको प्रति पटक | " | १०,०००।०० |
| | ४ | **नक्सा पास नगरी** | | |
| | क | डी.पि.सी(DPC) गरेमा | पटक | २,०००।०० |
| | ख | डी.पि.सी(DPC) लेवल भन्दा माथि गरेमा | पटक | ५,०००।०० |
| | ५ | **घरबहाल/मालपोत र ब्यबसाय बाहेकको कर शुल्क नबुझाएमा** | | |
| | क | एक महिना सम्मको लागि | लागत करको | १०% |
| | ख | छ महिना सम्मको लागि | लागत करको | २०% |
| | ग | सो भन्दा बडि अवधिको लागि | लागत करको | ५०% |
| | ६ | **राजमार्ग क्षेत्रमा गाडिबाट फोहोर फालेमा** | | रु १००० |
| ९.३.१ | | **पर्यटन शुल्क** | | |
| ९.३.२ | | **पर्यटन शुल्क(नमोवुद्ध मन्दिर)** | | |
| ९.३.३ | | विदेशी पर्यटक | एक पटक | १००।०० |
| ९.३.४ | | सार्क राष्ट्रका पर्यटक | एक पटक | ५०।०० |
| ९.३.५ | | आन्तरीक पर्यटक | एक पटक | १०।०० |
| | | विद्यार्थी नमोवुद्ध न.पा.क्षेत्र वाहिरका | एक पटक | ५।०० |
| ९.३.६ | | **पर्यटन शुल्क अन्य क्षेत्र** | | |
| ९.३.७ | | विदेशी पर्यटक | एक पटक | ७५।०० |
| ९.३.८ | | आन्तरिक पर्यटक | एक पटक | १५।०० |
| ९.३.९ | | विद्यार्थी | एक पटक | ५।०० |

आर्थिक बिधेयक २०७६ दफा १२ वमोजिम

अनुसुची १०

| सि नं | प्रस्तावित क्रियाकलापहरु | प्रति एकाई | तोकिएको दर |
|---|---|---|---|

| | | | | आ.व. ०७६/७७ |
|---|---|---|---|---|
| **१०.१.१** | १४ बिकी निकासी शुल्क दस्तुर | | | |
| **क** | क. | ढुङ्गा, गिट्टी, वालुवा, स्लेट,ग्राभेल र रोडा प्रति क्यू फिट बिक्री मु.अ.कर बाहेक | प्रति क्यू फिट | रु. ९।०० (नौ रुपैयां मात्र) |
| **ख** | ख. | माटो प्रति क्यू फिट बिकी मु.अ.कर बाहेक | प्रति क्यू फिट | रु.२।५० (दुई रुपैयां पचास पैसा मात्र) |
| **ग** | | स्लेट ( स्वीकृत खानी क्षेत्र वाहेक | प्रति बर्ग फिट | रु. ९।०० (नौ रुपैयां मात्र) |
| **घ** | दहत्तर वहत्तर सामाग्रीको | | बिक्री मुल्यमा | १० प्रतिसत |
| **१०.२.१** | निकासी शुल्क दस्तुर | | | |
| **१०.२.१** | ग. | सिसौ, साल (चट्टा गोलिया, चिरान) प्रति ट्रक | | रु.३००।- (तीन सय रुपैयां मात्र) |
| **१०.२.५** | घ. | अन्य काठ (चट्टा गोलया, चिरान) प्रति ट्रक | | रु.२००।- (दुई सय रुपैयां मात्र) |
| **१०.२.६** | ङ. | स्लेट/विछाउने ढुंगा प्रति वर्ग फिट | | रु.२।००- (दुई रुपैयां मात्र) |

**खानि तथा खनिज पदार्थ रोयल्टी**

| आर्थिक बिधेयक २०७६ दफा १२ वमोजिम |
|---|

| अनुसुची ११ | | |
|---|---|---|
| **खनिज पदार्थको वर्ग** | **खनिज पदार्थको नाम** | **रोयल्टी दर (रु.) प्रति उल्लिखित इकाई** |
| ११.१. धातु | १. सुन | १००।- प्रति ग्राम (धातु) |
| | २. चाँदी | ५००।- प्रति के.जी.(धातु) |
| | ३. तामा | ५।- प्रति के.जी.(धातु) |
| | ४. जस्ता | ३।- प्रति के.जी.(धातु) |
| | ५. शिशा | १।- प्रति के.जी.(धातु) |
| | ६. फलाम | ४०।- प्रति टन.(धातु) |
| ११.२. अधातु | १.चुनढुंगा क्यालसाईट | ६०।- प्रति टन |
| | २. क्यालसाईट | ६०।- प्रति टन |
| | ३. खरी | १००।- प्रति टन |
| | ४.नुन | ५।- प्रति टन |
| | ५.गेरु | २५।- प्रति टन |
| | ६.क्वार्ज | |
| | क)जेम्स स्तर | १००।- प्रति केजी |
| | ख)औद्योगिक स्तर | १००।- प्रति टन |
| | ७ औद्योगिक बालुवा | ५०।- प्रति टन |
| | ८. म्याग्नेसाईट | ७५।- प्रति टन |
| | ९.डोलोमाईट | ५०।- प्रति टन |
| | १०. कोरण्डम (रुवी, सफायर, इमरल्ड) | |
| | १.जेम्स स्थर | २५०००।- प्रति के.जी |
| | २.औद्योगिक स्थर | १५००।- प्रति के.जी |
| | ११.एक्युमेरिन, बेरिल | |
| | १.जेम्स स्तर | १५०००।- प्रति के.जी |
| | २.औद्योगिक स्तर | १५००।- प्रति टन |
| | १२. टुमालिन | |
| | १.जेम्स स्तर | १५०००।- प्रति के.जी |
| | २.औद्योगिक स्तर | १५००।- प्रति टन |
| | १३.गार्नेट | |
| | १.जेम्स स्तर | १५००।- प्रति के.जी |
| | २.औद्योगिक स्तर | २५०।- प्रति टन |
| | १४. काकाईनाइट | |
| | १.जेम्स स्तर | १५००।- प्रति के.जी |
| | २.औद्योगिक स्तर | २५०।- प्रति टन |
| | १५. अभ्रख | १०००।- प्रति टन |
| | १६.शालिग्राम वा अन्य फोसिल | ५०।- प्रति के.जी |
| | १७. इन्धन | |
| | १.पत्थर कोईला | १७५।- प्रति टन |
| | २.मट्टि कोईला | २०।- प्रति टन |
| | ३.प्राकृतिक (बायोजेनिक) ग्याँस | १।- प्रति घन मिटर |
| | १८.निर्माण सम्बन्धि खनिज बस्तु( ग्रेनाईट, मार्वल, एम्फिवोलाईट आदी ) | |
| | क. ड्रेस्ट ब्लक | २१४०।- प्रति घन मिटर |
| | ख.चिप्स | २५०।- प्रति घन मिटर |
| | १९. माटो | |

| | | |
|---|---|---|
| | क. औद्योगिक माटो | ३५।- प्रति घन मिटर |
| | ख. साधरण माटो | २५।- प्रति घन मिटर |
| | २० साधरण निर्माण ढुंगा | |
| | १. साधरण ढुंगा | २५।- प्रति घन मिटर |
| | २. स्ल्याब स्टोन | २०।- प्रति बर्ग मिटर |
| | ३. स्लेट स्टोन | ५।- प्रति बर्ग मिटर |
| | ४. रोडा | ६०।- प्रति घन मिटर |
| | ५. बालुवा | २०।- प्रति घन मिटर |
| | ६.ग्राभेल | १५।- प्रति घन मिटर |

**द्रष्टव्य :**

१. धातु खनिज पदार्थको वर्गभित्र पर्ने अन्य खनिज पदार्थको रोयल्टी दर कायम गर्दा धाउमा रहेको धातुको प्रतिशत तथा बजार मूल्यको आधारमा कायम गरिने छ ।

२. यस अनुसूचीभित्र नपरेका अधातु खनिज पदार्थहरुको रोयल्टी दर कायम गर्दा प्रचलित बजार मूल्यको ५ प्रतिशत दरले कायम गरिनेछ ।

३. धातु खनिज पदार्थ वर्ग भित्र पर्ने खनिज पदार्थलाइ कन्सेन्ट्रेटको रुपमा बिक्री गरेमा कन्सेन्ट्रेटमा रहेको धातुको प्रतिशतको आधारमा रोयल्टी कायम गरिनेछ ।

अनुसूची - १२

(दफा ११ को उपदफा (५) सँग सम्बन्धित)

# संरचनाको मूल्यांकन दर

| क्षेत्र | संरचना प्रति वर्ग फिट रु. | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | आर.सि.सि. फ्रेम स्टक्चर | | सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो - आर.सि.सि. छाना | | माटोको जोडाईमा इट्टावा ढुङ्गाको गारो - आर.सि.सि. वा सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | | माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | | सेड वा कच्ची घर | |
| | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास |
| क | २००० | १५०० | १५०० | १००० | ८०० | ५०० | ५०० | ३०० | १०० | १०० |

अनुसूची–१३

(दफा ११ को उपदफा (६) सँग सम्बन्धित)

# संरचनाको ह्रास कट्टी दर

| संरचनाको किसिम → <br> संरचनाको आयु ↓ | आर.सि.सि . फ्रेम स्टक्चर | सिमेण्ट जोडाईमाइट्टावा ढुङ्गाको गारो - आर.सि.सि. छाना | माटोको जोडाईमाइट्टावा ढुङ्गाको गारो - आर.सि.सि. वा सिमेण्ट जोडाईमाइट्टावा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | माटोको जोडाईमाइट्टावा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | सेड वा कच्ची घर |
|---|---|---|---|---|---|
| १ - ३ वर्ष | ६ | ९ | १२ | १५ | २० |
| ३- ६ वर्ष | १२ | १८ | २४ | ३० | ४० |
| ६- ९ वर्ष | १८ | २७ | ३६ | ४५ | ६० |
| ९- १२ वर्ष | २४ | ३६ | ४८ | ६० | ८० |
| १२- १५ वर्ष | ३० | ४५ | ६० | ७५ | ९० |
| १५- १८ वर्ष | ३६ | ५४ | ७२ | ९० | ९० |
| १८- २१ बर्ष | ४२ | ६३ | ८४ | ९० | ९० |
| २१- २४ वर्ष | ४८ | ७२ | ९० | ९० | ९० |
| २४- २७वर्ष | ५४ | ८१ | ९० | ९० | ९० |
| २७- ३० वर्ष | ६० | ९० | ९० | ९० | ९० |
| ३०- ३३ वर्ष | ६६ | ९० | ९० | ९० | ९० |
| ३३- ३६ वर्ष | ७२ | ९० | ९० | ९० | ९० |
| ३६- ४० वर्ष | ७८ | ९० | ९० | ९० | ९० |
| ४०- ४३ वर्ष | ८४ | ९० | ९० | ९० | ९० |
| ४३- ४६ वर्ष | ९० | ९० | ९० | ९० | ९० |
| ४६ भन्दा माथि | ९० | ९० | ९० | ९० | ९० |